# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
## नारायण नगरपालिका
## दैलेख

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## *Serving the Nation and the People*

### दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

### गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

### मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )


पत्र संख्या:२०७६/७७
च.नं ८६

मिति: २०७७/३/२९

श्री प्रमुखज्यू,
नारायण नगरपालिका,
दैलेख ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ वमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) वमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

२०७७।३।२९
(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २६ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)
प्रदेश न.५,कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश

पत्र संख्या:०७६।७७
च.नं: ८६

मितिः २०७७।३।२९

विषयः लेखापरीक्षण प्रतिवेदन

श्री प्रमूखज्यू,
नारायण नगरपालिका,दैलेख ।

**कैफियत सहितको राय**

हामीले नारायण नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य विबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.५ करोड ८४ लाख ३३ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ६६ लाख ९२ हजार, नियमित गर्नुपर्ने रु.४ करोड ४६ लाख ३१ हजार र पेश्की रु.७१ लाख १० हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।८।१२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकिया सहितको प्रमाण कागजातका आधारमा फछर्यौट भएका दफाहरु हटाई कायम भएका व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना ( २९ ) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसकालागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।३।२९
(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

# नारायण नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

## २०७५।७६

**परिचयः–**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो नगरपालिका अर्न्तगत ११ वडा रहेको., ५९ सभा सदस्य, ११०.६३व.की.मी. क्षेत्रफल,२७०२७ जनसंख्या कर्णाली प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२  वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता  र स्थानीय सरकार सञ्चालनमा भएका व्ययहरुको आय व्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :–

| **आयतर्फ** | | | **व्ययतर्फ** | |
|---|---|---|---|---|
| आय विवरण | रकम | | व्यय विवरण | रकम |
| गत वर्षको जिम्मेवारी | | | चालु पुजिगत | |
| क) नगद | | | क) चालु | ७४३०७८१९.९९ |
| ख) बैंक संचित कोष | ४०४४९८८३.२४ | ८०४४५०२४.३२ | ख) पुजिगत | १११९९००२२.५१ |
| ग) पुजिगत खाता | २८४४४७५२.९९ | | शशर्त अनुदान | २०९३२७०७९.७७ |
| ३) चालु खाता | ३७११६३०.५१ | | सामाजिक सुरक्षा भत्ता | ३५७३१४०० |
| ङ) धरौटी खाता | २३८१९७५.१८ | | बहुक्षेत्रिय पोषण कार्यक्रम | १४६७००० |
| च) कर्मचारी कल्याण कोष | ४१६१८०४.४ | | ग) गरिबसँग विश्वेश्वर कार्यक्रम चालु र पुजिगत | ३४९५०० |
| ५) मर्मत सम्भार, साझेदारी कोष | ९२९११८ | | औषधी उपचार | ५९२१६४.०० |
| ज) प्रकोप व्यवस्थापन कोष | ३६५८६० | | सँचित विदा | ४७७०२१ |
| वित्तिय समानिकरण | ८०४४५०२४.३२ | ३२४२७७८४५.०० | प्रदेश तथा स्थानीय तह क्षमता विकास | ३०५०००.०० |
| राजश्व बाँडफाँड | | ५४६८२८६६.५० | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | १२८३८१२७.०० |
| सामाजिक सुरक्षा भत्ता | | ३६९०२०००.०० | पर्यटन पूर्वाधार विकास आयोजना | १७४४१५०.०० |
| प्रदेश अनुदान असिना पिडित | | ७००००० | पर्यटन पुर्वाधार विकास कार्यक्रम चालु | ३८४०००.०० |
| क) वित्तीय समानिकरण | | ५२५५०००.०० | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४७४९७३३ |
| ग) गरिबसग विश्वेश्वर कार्यक्रम चालु र पुजिगत | | ३९४००० | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | ७०१९५३ |

| | | | | |
|---|---|---|---|---|
| औषधी उपचार | | ५९२१६४.०० | सडक वोर्ड नेपाल | १३४९९५५ |
| सचित विदा | | ४७७०२१ | ख) सडकवोर्ड नेपाल गत वर्षको | २०७८१९४ |
| प्रदेश तथा स्थानीय तह क्षमता विकास | | ३०५०००.०० | धरौटी | १२४१७३९.६९ |
| स्थानीय पूर्वाधार विकास साझेदारी | | १३५०००००.०० | मर्मत सम्भार | ३१०८०४१.०० |
| पर्यटन पूर्वाधार विकास आयोजना | | २५०००००.०० | प्रकोप व्यवस्थापन | ११५५२९३.८० |
| पर्यटन पुर्वाधार विकास कार्यक्रम चालु | | ९९९९७०.०० | कर्मचारी कल्याण कोष | २०३५५५.०० |
| प्रधानमन्त्री रोजगार कार्यक्रम | | ५०३०००० | **जम्मा** | **४६४१०१७४८.७६** |
| झोलङ्गे पुल क्षेत्रगत कार्यक्रम | | १८०००००.०० | को.ले.नि.का. फिर्ता रकम | २०७६१९०२.२३ |
| क) बहुक्षेत्रिय पोषण कार्यक्रम | | १४६७००० | | |
| पर्यटन पुर्वाधार विकास कार्यक्रम गत वर्षको | | १२५००००.०० | सचित कोष | ४८४३२५२८.१४ |
| ८) मालपोत रजिष्ट्रेन दस्तुर प्राप्त | | १३१७८९७.४ | धरौटी | २९५१५६१.४९ |
| सडक वोर्ड नेपाल | | १३४९९५५ | मर्मत सम्भार | १७९०६१५.०० |
| ख) सडकवोर्ड नेपाल गत वर्षको | | २०७८१९४ | प्रकोप व्यवस्थापन | ८१०५६६.२० |
| नगद जम्मा | | ३८०८७० | कर्मचारी कल्याण कोष | ६७३६७४९.४० |
| धरौटी | | १८११३२६.०० | जम्मा मौज्दात | **६०७२२०२०.२३** |
| मर्मत सम्भार | | १००००००.०० | | |
| साझेदारी | | २९६९५३८.०० | | |
| प्रकोप व्यवस्थापन | | १६०००००.०० | | |
| कर्मचारी कल्याण कोष | | २५०००००.०० | | |
| **जम्मा** | | **५४५५८५६७.२२** | **जम्मा** | **५४५५८५६७.२२** |

| दफा नं | भौ नं मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **बजेट पेश गर्ने तथा पारित गर्ने**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । यस बर्षको बजेट तथा कार्यक्रम नगरसभाले २०७५ आषाढ ३२ गते पारित गरेको भएपनि निर्धारित ढांचामा तयार भएको देखिएन । | |
| २. | **आन्तरीक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले कानूनी व्यवस्था बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको नदेखिएकोले कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली विश्वसनीय छ भनी एकिन गर्न सकिएन ।<br><br>● **जिन्सी निरीक्षण:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारी वा प्राविधिकद्वारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखितरूपमा लेखि वा लिई राख्ने र प्रतिवेदनमा कैफियत देखिएका व्यहोरा कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले जिन्सी निरीक्षण गरी प्रतिवेदन तयार गरेपनि कार्यान्वयन गरेको छैन ।<br><br>● **जोखिम पहिचान:** कार्यालयले बर्षभरिमा सम्पादन गर्ने गरी कार्यक्रममा रहेका र आइपर्ने सम्भाबित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार गरेको देखिएन ।<br><br>● **योजना सन्चालन:** सन्चालित योजनाको काम तोकिएको समयमै सम्पन्न गरेको देखिएन ।<br><br>● **कार्य विवरण:** प्रत्येक निजामती पदको कार्य विवरण बनाइ लागु गर्नु पर्ने व्यवस्था रहेकोमा प्रत्येक कर्मचारीलाई कार्य विवरण दिएको देखिएन ।<br><br>● **लागत अनुमान/खरिद योजना:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कानूनी व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन ।<br><br>● **स्पेशिफिकेशन र मूल्य नखुलाएको:** कम्प्युटर, ल्यापटप, मेशिनरी औजार | |

| | | |
|---|---|---|
| | लगायतका सामानको जिन्सी दाखिला गरेता पनि मूल्य र स्पेशिफिकेशन नखुलाई प्रविष्टि गरेको छ ।<br><br>● **सम्पत्तिको अभिलेख:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (५) मा सार्वजनिक निकायले भौतिक सम्पत्तिको अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयलले अन्य जिन्सी सामग्रीहरुको अभिलेख राखेको भए तापनि आपनो कार्यक्षेत्रभित्र पर्ने भौतिक सम्पत्तिहरु सडक, पुल, कल्भर्ट, नाली, रेलिङग आदिको नाप समेत खुल्ने गरी अभिलेख तयार गरेको छैन ।<br><br>● **नापी किताब, ठेक्का बील:** यो वर्ष ठेक्का भएका विभिन्न ठेक्काको रनिंग तथा अन्तिम बिल भुक्तानी गर्दा नापी किताब, ठेक्का सम्वन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा ठेक्का नं., कार्य सम्पन्न हुनुपर्ने मिति, कार्य सम्पन्न मिति उल्लेख गरेको छैन । ठेक्का सम्वन्धी भुक्तानीको महत्वपूर्ण कागजातको रुपमा रहेका नापी किताब, ठेक्का सम्वन्धी बिल, कार्य सम्पन्न प्रतिवेदनमा यस्ता विषयहरु उल्लेख नगर्दा ठेक्काको अभिलेख व्यवस्थापनमा कमजोरी रहने हुंदा नापी किताब, ठेक्का सम्वन्धी बिल तथा कार्य सम्पन्न प्रतिवेदन अद्यावधिक रुपमा राखिनु पर्दछ ।<br><br>● **मू.अ.कर दर्ता नभएकासंग खरिद:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) अनुसार सार्वजनिक निकायले बीस हजार रूपैयाँभन्दा बढी रकमको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले उपभोक्ता समिति मार्फत गराएका कार्यहरुमा मू.अ.कर दर्ता नभएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट विभिन्न निर्माण सामग्री र अन्य मालसामान खरिद गरी कार्य गरेको देखिएकोले कानूनी व्यवस्था बमोजिम मू.अ.कर दर्ता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट खरिद कार्य गर्ने गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।<br><br>● **भुक्तानीमा कर कट्टी**: आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ मा भुक्तानी गर्दा ती दफाहरुमा तोकिएको दर अनुसार कर कट्टी गर्नु पर्ने व्यवस्था छ । दफा ९० मा अग्रिम कर कट्टी गर्नुपर्नेले प्रत्येक महिना समाप्त भएको २५ दिन भित्र कट्टी रकम दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा कट्टी रकम दाखिला गरेको प्रमाण पेश नभएकाले यकिन गरि दाखिला गर्नुपर्दछ ।<br><br>● **सरकारी सवारी निजी नम्बर**: :सरकारी सवारी साधनमा सेतो नम्बर प्लेट राखी संचालन गरेको हुनु पर्दछ । कार्यालयले मोटरसाइकल भे.८ प.३९२७ , भे.५ प.४८६५ ,भे.१ च ३०११,भे.३ प ३८५४ ,भे.५ प ४८६५ ,ना.५७ प .४४७१ सवारी र जीप ,भे.८ प १२१५ साधनहरुलाई निजी नम्बर राखी संचालनमा रहेको देखियो । यसले सरकारी सम्पति दुरुपयोग हुन सक्छ । सवारी साधनहरुलाई सेतो नम्बरमा परीणत गरी जिन्सी अध्याबधिक गर्नुपर्दछ । | |
| ३. | **श्रोत अनुमान तथा वजेट सिमा:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालीकामा प्राप्त हुने आन्तरिक आय , राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋृण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण , सन्तुलीत वितरणमा , वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र | |

| | | |
|---|---|---|
| | कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा कार्यान्वयन गरेको देखिएन । | |
| ४. | **वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण , विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था रहेकोमा नगरपालिकाले कार्यान्वयन गरेको छैन । | |
| ५. | **स्थानीय तथ्यांक र अभिले**खः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती,कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ.नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| ६. | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ ।कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन । नगरपालिकाको १२ कार्यक्रममा शुन्य प्रगति देखिएको छ । | |
| ७. | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । नगरपालीकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व,नगर र नदी सरसफाई पर्दछन् डम्पिंग साईड निर्माणको एकीकृत बहु वर्षे योजना र प्रगती पेश भएन । फोहोरमैला व्यवस्थापनतर्फ डम्पिंग साईड निर्माण कार्यक्रमको लागी वार्ड न.१ को हुलाक चौरमा प्रस्ताव गरेकोमा वजेट विनियोजन गरि कार्य भएको पाइएन । | |
| ८. | **सम्भाव्यतता अध्ययन-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२(१) मा पन्ध्र लाख रुपैयाभन्दा बढी लागत पर्ने विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट सन्चालित कुनै पनि योजनाको सम्भाव्यता अध्ययन भएको देखिएन । सर्वेक्षण र सम्भाव्यता अध्ययनको अभावमा कार्यस्थलको वास्तविक अवस्था स्पष्ट नहुने, कार्यको परिमाण अनिश्चित हुने, हुन सक्ने हुदा विस्तृत सम्भाव्यता अध्ययन गरेर मात्र योजना सन्चालन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

९. **व्यवसाय कर,बहाल कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा नगरपालिकामा अवस्थित व्यवसायी, संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । नगरपालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । आफ्नो कार्यक्षेत्र भित्र रहेका बहालवालाको पहिचान गरि बहालकर उठाउन उचित व्यवस्थापन गर्नुपर्दछ ।

१०. **योजनामा ५ लाखभन्दा कम विनियोजनः** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा आर्थिक सामाजिक एवम् पूर्वाधार विकास कार्यक्रम अन्तर्गत विनियोजन भएको रकमवाट नगरपालिकाले रु. ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नुहने व्यवस्था छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार निर्देशिका विपरित विभिन्न योजनाहरुमा रु.५ लाख भन्दा न्यून बजेट बिनियोजन गरी खर्च गरेको छ । यस्ता धेरैजसो वितरण मूखी अनुत्पादक रहेको छ ।  अतः कार्यविधिले तोके अनुसार पूर्वाधार कार्यक्रममा विनियोजन हुनुपर्दछ ।

११. **चौमासिक खर्चः**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम  २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपलव्ध गराएको विवरणअनुसार प्रथम चौमासिकमा ६.७९ प्रतिशत, दोश्रो चौमासिकमा १९.६७ प्रतिशत र तेश्रो चौमासिकमा ७३.५४प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ मसान्तमा  ४८.०७ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । खर्च सन्तुलित हुने किसिमले कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

| क्र. स. | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | विभिन्न | १२३२६६ | ८३७० | २४२४३ | ९०६५३ | ५९२५४ |

**शिक्षा तर्फ :**

१२. **बाल कक्षा** : बालविकास केन्द्रमा बाल कक्षा सञ्चालन गर्नको लागि बाल विकास सहयोगी कार्यकर्ता नियुक्ति गर्दा कम्तिमा २० जना बाल बालिकाको लागि एक जना सहयोगी कार्यकर्ता भर्ना गर्नु पर्ने र नियमित निरीक्षण अनुगमन गरी बाल बालिकाको थप घटको अनुपातमा सहयोगी कार्यकर्ताको समायोजन गर्दै जानु पर्नेमा कूल ६२६ बाल बालिकाको लागि ३६ जना सहयोगी कार्यकर्ता रहेको पाइयो । बाल बालिकाको तुलनामा ५ जना सहयोगी कार्यकर्ता बढी नियुक्ती गरी रु.

४४००००।०० थप व्ययभार पारेको छ । सहयोगी कार्यकर्ताको समायोजन गरी बालबालिकाको तुलनामा बढी सहयोगी कार्यकर्ता समायोजन गर्नु पर्दछ ।

१३. **बढी निकासा** : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ अनुसार विद्यार्थी विवरण भरेका बालविकास केन्द्रलाई सोही विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी रु ५००।०० का दरले अनुदान दिने व्यवस्था छ । तर विद्यार्थी विवरण नभरेकालाई यस्तो अनुदान नदिने उल्लेख छ । यस वर्ष निम्न बाल विकास केन्द्रलाई विद्यार्थी विवरण नभरेका र विद्यार्थी विवरण भरेकालाई पनि भएको विद्यार्थी संख्या भन्दा बढी देखाई अनुदान दिएकोले बढी अनुदान निकासा गरेको रकम असूल हुनुपर्ने रु.......

| सि. नं. | विद्यालयको नाम | फ्लाश रिपोर्टको विद्यार्थी संख्या | भुक्तानी भएको विद्यार्थी संख्या | बढी विद्यार्थी संख्या | बढी निकासा रकम |
|---|---|---|---|---|---|
| १. | नारायाण मा.वि. पुरानो बजार | १८ | ३० | १२ | ६००० |
| २. | जनता आ .वि. कोटथप्ला | ० | ३० | ३० | १५००० |
| ३. | जनता आ .वि. कुसडा | १२ | १८ | ६ | ३००० |
| ४. | तामाखानी आ. वि. खुर्सानीबारी | ० | १५ | १५ | ७५०० |
| ५. | सामुदायिक आ. वि. बिसुना | १४ | १८ | ४ | २००० |
| ६. | महेन्द्र आ .वि. सोत | १३ | १७ | ४ | २००० |
| ७. | रेडक्रस आ. वि. भुर्ति | १५ | २७ | १२ | ६००० |
| ८. | भैरब निमावि विजोरा | १५ | १७ | २ | १००० |
| ९. | ईश्वरी आ. वि. साडू | ० | १५ | १५ | ७५०० |
| १०. | दिपशिशु आ. वि. सिमडा | ० | १४ | १४ | ७००० |
| ११. | ने .रा. आ. वि . | २१ | ३० | ९ | ४५०० |
| | | | | जम्मा | ६१५०० |

६१५००/-

१४. **पुस्तकालय,विज्ञान प्रयोगशाला र आइ. सि. टि. ल्याब :** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।०७६ मा विज्ञान प्रयोगशाला, पुस्तकालय स्थापना, आइ.सि.टी. ल्याब स्थापनाको लागि भएको निकासा रकमबाट सार्वजानिक खरिद ऐन नियमको प्राबधान बमोजिम खरिद , निर्माण कार्य गर्ने र आयकर ऐन २०५८ बमोजिम कर कट्टा गरेर कार्यसम्पन्न भएको प्रमाण प्राप्त गर्ने उल्लेख छ । निम्नानुसारका विद्यालयलाई निकासा भएको रकमको उपयुक्तानुसार कार्यसम्पन्न गरी प्रमाण पेश हुनुपर्ने रु.................

| विद्यालयको नाम | विवरण | रकम |
|---|---|---|
| महेन्द्र मा .वि. | विज्ञान प्रयोगशाला निर्माण | ६५०००० |
| रैनादेवी मा. वि .टाटामखु | विज्ञान प्रयोगशाला निर्माण | ६५०००० |
| जनता मा. वि .कोटथप्ला | पुस्तकालय | ६५०००० |

३२५००००/-

<table>
<tr><td></td><td><table>
<tr><td>हिमालय मा. वि .</td><td>आइ सि टि ल्याब</td><td>६५००००</td></tr>
<tr><td>ने.रा .मा. वि .कालीमाटी</td><td>आइ सि टि ल्याब</td><td>६५००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३२५००००/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>१५.</td><td>दिवा खाजा : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ मा तोकिएका खास क्षेत्र वा सीमान्तकृत , लोपोन्मुख जातिका (लक्षित समूहका) बालबालिकाहरुको दिवा खाजा उपलब्ध गराउन अनुदान दिन सकिने व्यवस्था छ । सो शीर्षकको (छ) मा दैलेख जिल्लामा विश्व खाद्य कार्यक्रमको सहयोगमा दिवा खाजा कार्यक्रम सञ्चालनमा रहेको छ । विद्यार्थी दैनिक हाजिरी भएको पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई विद्यार्थी संख्या एकिन भएपश्चात  कक्षा ५ सम्मका लागि प्रति विद्यार्थी रु.१५।०० का दरले बर्षको १८० दिन बराबरको रकम विद्यार्थीका अभिभावकलाई घरबाट खाजा ल्याउने शर्तमा नगद नै रकम वितरण गरी भर्पाई पेश गर्नु पर्ने व्यवस्था छ । १२ विद्यालयलाई रु. ७६९०००।०० दिवा खाजा निकासा दिएकोमा सो प्रमाण संलग्न नहुनुका साथै विश्व खाद्य कार्यक्रम सञ्चालन भएका जिल्ला भएकोले दोहोरो दिवा खाजा पर्न गएकोले असूल हुनु पर्ने रु. .</td><td>७६९०००/-</td></tr>
<tr><td>१६.</td><td>शिक्षण सिकाइ सहयोग अनुदान : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं २.१५.११.६३६ मा साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयहरुलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । नगरपालिकाले यस वर्ष विभिन्न विद्यालयलाई भौचर नं. ४८६ मिति २०७६।३।२९ बाट रु. १४६४०००।०० र पूजिगत तर्फको भौचर नं १७ मिति २०७५।७।७बाट रु.१००००००।००,भौचर नं.२१६।०७६।१।१ बाट रु. १००६०००।००र भौचर नं ४१०।०७६।३।१७बाट रु.१०१३०००।०० समेत कूल रु.४४८३०००।०० .निकासा दिएको छ । अतः तोकिएको प्रक्रिया पुरा नगरी निकासा दिएको देखिएकोले ती विद्यालय छनौटको आधार प्रमाणका निर्णय,शिक्षक नियुक्तिको प्रमाण,नियमित हाजिर भै अध्यापन गराएको प्रमाण पेश हुनु पर्दछ । अन्यथा नियम विपरित निकासा दिएको रकम असूल हुनुपर्ने रु .................</td><td>४४८३०००/-</td></tr>
<tr><td>१७.</td><td>प्राविधिक धार सञ्चालन : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ को क्रियाकलाप नं २.१५.११.८४७ को (क) मा यस शीर्षकमा बजेट प्राप्त गरेका स्थानीय तहले कक्षा ११ मा स्वीकृत भएअनुसारको धार सञ्चालन गरेको सुनिश्चितता कायम गरी तोकिए अनुसारको बजेट निकासा गर्ने र (ख) अनुसार प्राविधिक  तथा व्यवसायिक शिक्षा सञ्चालन निर्देशिका २०६९(संशोधन सहित) र पाठ्यक्रमले तोकेका आधारमा विद्यालयले सार्वजनिक खरिद ऐन तथा नियमावली एवं शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत खरिद दिग्दर्शन बमोजिम ल्याब सामग्री खरिद गर्नुपर्ने व्यवस्था छ । त्रिभुवन माध्यमिक .विद्यालयलाई  कम्प्युटर इञ्जिनियरिङ्ग अध्ययनरत विद्यार्थीलाई शिक्षण सिकाईका सामग्री,ल्याव सहायकको पारिश्रमिक,उपकरण र प्राविधिक सामग्री खरिदको लागि निकासा दिएकोमा सो बमोजिम भएगरेको सुनिश्चित हुने गरी निरीक्षण अनुगमन गरेको देखिएन । अतः कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ बमोजिमका प्रमाणहरु पेश हुनुपर्ने रु .....</td><td>१४९६०००/-</td></tr>
<tr><td>१८.</td><td>स्वास्थ्य तर्फ (ग्रेड बृद्धि) : आर्थिक कार्यविधि ऐन , नियम अनुसार थप आर्थिक भार पर्ने</td><td></td></tr>
</table>

गरी खर्च गर्नूपर्दा अर्थ मन्त्रालयको स्वीकृती लिनु पर्दछ । कर्मचारीलाई ग्रेड बृद्धी वा ग्रेड भुक्तानी दिन वार्षिक तलवी प्रतिबेदन पारित हुनु पर्दछ । निम्नानुसारका व्यक्तिलाई छुट ग्रेड भनी एकमुष्ट भुक्तानी गरेकोले सो दररेटबाट ग्रेड पाउने अर्थ मन्त्रालयको स्वीकृती र सम्बन्धित निकायबाट निजले पाउने ग्रेड संख्या र रकम यकिन गरी पास गरेको तलवी प्रतिबेदन अनुसारको भुक्तानी दिनुपर्नेमा सो बेगर भुक्तानी भएको रकम असुल हुनुपर्ने रु...... ४०६३५०/-

| सि.न. | पद | नामथर | रकम |
|---|---|---|---|
| १. | सि .अ. हे. ब. | लालबहादुर खड्का | ४८७९० |
| २. | सि .अ. हे. ब. | धर्मराज जोशी | ४८७९० |
| ३. | सि .अ. हे. ब. | प्रेमबहादुर सार्की | ४८७९० |
| ४. | सि .अ. हे. ब. | पदमबहादुर बूढा | ४८७९० |
| ५. | सि .अ. हे. ब. | सिताकुमारी शर्मा | ४८७९० |
| ६. | सि .अ. हे. ब. | चन्द्रबहादुर वि. क. | ४८७९० |
| ७. | सि. अ.न.मी. | कृष्णकुमारी रेग्मी | ४८७९० |
| ८. | अ. हे. ब. | णबहादुर थापा | ३२४१० |
| ९. | अ .हे. ब | मिनबहादुर गुरुग | ३२४१० |
| | | जम्मा | ४०६३५० |

१९. **उपभोक्ता समितिबाट खरिद :**सार्वजनिक खरिद नियमावली , २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको श्रेस्ता बिल भरपाई स्थानीय निकायले जाँच गरी प्रतिवेदन लिने व्यवस्था छ । उपभोक्ता समितिसँग भएको सम्झौताको ४(ग) मा सार्वजनिक खरिद ऐन २०६३,सार्वजनिक खरिद नियमावली २०६४ मा उल्लेख भएको प्रक्रिया अवलम्बन गरी खरिद गर्नुपर्ने उल्लेख छ । निम्नानुसारका योजना निर्माणमा उपभोक्ता समितिले सो सम्झौता विपरित सोझै खरिद गरेको छ । नगरपालिकाबाट अनुगमन भएकोमा सम्झौता विपरित खरिद कार्य भएकोमा कुनै व्यहोरा औल्याइएको छैन । निम्न योजनामा सार्वजनिक खरिद नियम र सम्झौता विपरित खरिद गरेकोले पारदर्शिता र गुणस्तरीय निर्माण सामग्री खरिद भएकोमा आस्वस्त हुन नसकिएकोले सम्बन्धितलाई जिम्मेवार बनाइनु पर्ने रु .... ८७५९६९४/४९

| सि नं | योजनाको नाम | सामानको विवरण | विक्रेता | रकम |
|---|---|---|---|---|
| १. | मटेला सिचाइ कूलो निर्माण | निर्माण सामाग्री | एन. वि .इ .प्रा .एण्ड सप्लायर्स समेत | १४६४३५५ |
| २. | खाडी बगैरा सिमताल सि. आ. | निर्माण सामाग्री | एन. वि .इ .प्रा .एण्ड सप्लायर्स समेत | ५८१७६३.५८ |
| ३. | आँधीखोला राइली महादेवस्थान सि. | निर्माण सामाग्री | श्रेष्ठ ट्रेडिग कन्सर्न एण्ड सप्लायर्स | १९९२०९६.२९ |
| ४. | भवानी सिचाइ कुलो निर्माण | निर्माण सामाग्री | श्रेष्ठ ट्रेडिग कन्सर्न एण्ड सप्लायर्स | ४७२१४७९.६२ |

| | |
|---|---|
| जम्मा | ८७५९६९४.४९ |

२०. **दररेटभन्दा बढी मूल्यांकन :** भौचर नं. ४३०।२०७६।३।२३ बाट रैनादेवी आ. वि. पानीपोखराको शौचालय निर्माण गरी रु.६१५२००।०० निकासा दिएकोमा स्वीकृत लागत अनुमानको भन्दा बढी दररेट राखी मूल्यांकन गरेको हुँदा बढी दरले भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु........ ९९९२२/६२

| आइटम नं | काम | परिमाण | ल. इ. दर | मूल्यांकन दर | फरक दर | रकम |
|---|---|---|---|---|---|---|
| 4 | pcc(1:3:6) | ११.१५ | १२२४८.४ | १४१८०.४ | १९३२ | २१५४१.८ |
| 6 | wood forventiletion | ०.२२ | १११८३.६ | २१९१६१.४७ | २०७९७७.८७ | ४५७५५.१३ |
| 12 | 2 coat paints | ११३.९८ | १३०.१२ | १४२.४७ | १२.३५ | १४०७.६५ |
| 13 | sanitary fitting | LS 1 | २८२५६.९६ | ५९४७५ | ३१२१८.०४ | ३१२१८.०४ |
| जम्मा | | | | | | ९९९२२.६२ |

२१. **(१५क)** भौचर नं ४९५मिति २०७६।३।१५ बाट त्रिभुवन मा. वि. नयाबजारको ४ कोठे भवन निर्माणको मूल्यांकन गरी अन्तिम निकासा रु ३६०००००।०० दिएकोमा आइटम नं २० को फर्निचर निर्माण प्रति सेट रु ३०००।०० ले ४० सेटको रु १२००००।०० लागत अनुमान स्वीकृत भएकोमा प्रति सेट रु ३३५०।०० ले मूल्यांकन गरेकोले प्रति सेट रु १३४०००।०० भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु ...................... १४०००/-

२२. **विलम्ब शुल्कः**कार्यालयले धारा विजुलीको विल समयमा तिरी संस्थाले उपलब्ध गराएको छुटको सुविधा समेत लिनु पर्नेमा ढिलोगरी भुक्तानी गर्दा विलम्ब शुल्क समेत तिरेकोले विलभन्दा बढी रकम भुक्तानी गर्न मिल्ने नदेखिएकोले असूल हुनु पर्ने रु. ६५९०६/४७

| भौचर नं मिति | विवरण | विलम्ब शुल्क रकम |
|---|---|---|
| ५४/०७५/७/२० | जि. स्वास्थ्य का.को असोजको विद्युत | ३५७७५.३३ |
| १५५/०७५/१०/१० | आयुर्वेद तर्फ विद्युत | ७२३.६४ |
| १९०/०७५/१२/४ | आयुर्वेद तर्फ विद्युत | १०५४.६० |
| ३३६/०७६/२/१ | आयुर्वेद तर्फ विद्युत | १५८२.२५ |
| ३९३/०७६/३/१५ | जिल्ला स्वास्थ्य विद्युत | १५३०५.४९ |
| ३९३/०७६/३/१५ | त्रिवेणी हेल्थपोष्ट | ६२५३.९६ |
| ३९३/०७६/३/१५ | बशन्तमाला हेल्थपोष्ट | ५२११.२ |

| | | |
|---|---|---|
| | जम्मा ६५९०६.४७ | |
| २३. | **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१ख) मा उपनियम (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नसकिने उल्लेख छ । त्यस्तै गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी काम टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । यस वर्ष निम्नानुसारका योजनाहरुमा सोझै खरिदको सीमाभन्दा बढी रकमको सोझै खरिद गरी भुक्तानी दिएको रु............ | ६८१०८५९/८८ |

| भौ. नं. मिति | विवरण | विक्रेता | रकम |
|---|---|---|---|
| ४८२/०७६/३/२० | कम्प्युटर प्रिन्टर | babina infotech | ९८३०० |
| ४४/०७५/६/२६ | कम्प्युटर प्रिन्टर | babina infotech | ८८४९५.५८ |
| ५०/०७५/७/१६ | औषधी खरिद | देउती सर्जिकल प्रा. लि. | ९९७२३० |
| ११०/०७५/८/२५ | कार्यालय सामान | आर वि इ.प्रा.एण्ड अर्डर | १२००६२ |
| २०७/०७५/१२/५ | न्यानो झोला | देउती सर्जिकल प्रा. लि. | १७९९९९.९६ |
| २०८/०७५/१२/५ | औषधी खरिद | सुचित्रा आयुर्वेदिक औषधालय, कैलाली | ५४५००० |
| २०९/०७५/१२/५ | औषधी खरिद | सुचित्रा आयुर्वेदिक औषधालय, कैलाली | ५००००० |
| २९२/०७६/१/१२ | औषधी खरिद | स्टार फर्मा ,सुर्खेत | ४९९६११ |
| २९३/०७६/१/२६ | औषधी खरिद | एभरेष्ट मेडिको फर्मा | ४९८३८२ |
| २९४/०७६/१/२६ | औजार उपकरण खरिद | देउती सर्जिकल प्रा. लि. | ३५६२७५ |
| ३६७/०७६/२/३१ | इवार्स कार्यक्रम सामान | बानियाँ इन्फोटेक समेत | ३१५००० |
| ३९६/०७६/३/१७ | औषधी खरिद | ओमेगा सर्जिकल हाउस | २०४४५७ |
| ३९६/०७६/३/१७ | औषधी खरिद | सिनर्जी फार्मेसी सुर्खेत | ५००३२० |
| ४५१/०७६/३/२७ | औषधी खरिद | देउती सर्जिकल एण्ड साइन्टिफिक हाउस काठमाडौ | २९९४५० |

<table>
<tr>
<td></td>
<td>
<table>
<tr><td>४५२/०७६/३/२९</td><td>सोलार</td><td>बाराही ट्रेडर्स एण्ड अर्डर</td><td>२८८९४४</td></tr>
<tr><td>४५३/०७६/३/२९</td><td>सिसि क्यामेरा</td><td>एभरेष्ट कम्प्युटर्स</td><td>३२३३१५</td></tr>
<tr><td>४९४/०७६/३/३०</td><td>तार जाली</td><td>श्रेष्ठ ट्रेडिग कन्सर्न एण्ड सप्लायर्स</td><td>३९९१०९</td></tr>
<tr><td>४९३/०७६/३/३०</td><td>तार जाली</td><td>श्रेष्ठ ट्रेडिग कन्सर्न एण्ड सप्लायर्स</td><td>३९९२१९.६४</td></tr>
<tr><td>४९२/०७६/३/३०</td><td>तार जाली</td><td>श्रेष्ठ ट्रेडिग कन्सर्न एण्ड सप्लायर्स</td><td>१९७६८९.७</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६८१०८५९.८८</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>२४.</td>
<td>
विद्यालयगत शिक्षकको दरबन्दी,कार्यरत र यस बर्ष नियुक्ती लिएका,अवकाश,सरुवा,राजीनामा दिएकाको अद्यावद्यिक विवरण र विद्यालय किताबखानाबाट पारित प्रतिवेदन पेश नगरेकाले शिक्षकको तलव भत्ता लगायत अन्य सुविधावापत खर्चको यथार्थतता यकिन गर्ने स्थिती छैन । नगरपालिकाबाट प्राप्त अवकाश शिक्षकहरुको विवरणअनुसार भैरब प्रा.वि.का प्रेम बहादुर खत्री र बशन्त मा.वि.का डिल्ली बहादुर खत्री अनिवार्य अवकाश भएको उल्लेख गरे तापनि मिति नखुलाएकोले निजहरुलाई तेस्रो चौमासिकमा समेत तलब निकासा भएकोमा कुन मितिसम्मको तलब हो यकिन हुन सकेन । अवकाश मिति यकिन गरी बढी निकासा भएको रकम असूल गर्नुपर्ने रु………………
<table>
<tr><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>तेस्रो चौमासिक निकासा</th></tr>
<tr><td>भैरब आधारभूत विद्यालय</td><td>प्रेमबहादुर खत्री</td><td>१३३५९७.२</td></tr>
<tr><td>बशन्त मा. वि.</td><td>डिल्लीबहादुर खत्री</td><td>६३९८०.५०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१९७५७७.७</td></tr>
</table>
</td>
<td>१९७५७७/-</td>
</tr>
<tr>
<td>२५.</td>
<td>जिल्ला स्वास्थ्य कार्यालय दैलेखको च नं ५१२ मिति २०७५।९।११ को रमाना पत्रबाट रेडियो ग्राफर राजेश कुमार सिंह कलैया अस्पताल बारामा सरुवा भै जादा मिति २०७५।८।३० सम्मको तलब भता भुक्तानी भएको उल्लेख भए तापनि निजको बैक खातामा पौष माघ,फागुन ,चैत्र र पोशाक भता समेत रु १५७७८१।८० (कर्मचारी संचय कोष विमा थप समेत) दाखिला भएको छ । रमानामा मंसिरको तलबभता उल्लेख भएको हुँदा पौष देखि सरुवा भएको कार्यालयबाट तलब भता पाउने भएकोले दोहोरो परेको रकम पटक पटक फिर्ता गर्न फोन सम्पर्क गरेकोमा सरकारी रकम फिर्ता गर्न आनाकानी गरेको</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td></td><td>नगरपालिकाको भनाई रहेको छ । यस प्रकार सरुवा भएको चार महिनासम्म पनि हाजिरी उतार बेगर तलब भता बैक दाखिला गरिरहने व्यक्तिलाई समेत जिम्मेवार बनाई दोहोरो भुक्तानी भएको रकम निजले पाउने जुनसुकै रकमबाट पनि असूल गर्नुपर्ने रु.</td><td>१५७७८१/८०</td></tr>
<tr><td>२६.</td><td>भौचर नं ४४।०७५।६।२६ बाट बबिना इन्फोटेक सप्लायर्स, दैलेखसँग डेस्क टप कम्प्युटर १ र फोटोकपी  डुप्लेक्स १ रु.१०००००।०० मा खरिद गरी भुक्तानी गरेकोमा सो सामानहरु जि. खा. पा. नं. ४३ र ५७ उल्लेख गरेतापनि सो खाता पाना नंबरमा पोष्टिंग नगरेकोले सो सामान यकिन गरी जिन्सी दाखिला गर्नुपर्ने रु ......</td><td>१०००००/-</td></tr>
<tr><td>२७.</td><td>आयकर ऐन २०५८ को दफा ८७ बमोजिम पारिश्रमिकमा कर कट्टा गर्नुपर्ने व्यवस्था छ । करार सेवामा कार्यरत डा. अधिप न्यौपाने र डा. ईश्वर घिमिरेको कर  रु.११३१२/- का दरले लाग्नेमा रु.५४७२।०० (मासिक रु४५६।०) मात्र  कट्टा गरेकोले नपुग कर असूल गरी राजस्व दाखिला हुनुपर्ने रु ....
<table>
<tr><th>मासिक तलब</th><th>भता</th><th>स्थानीय भता</th><th>पर्व खर्च</th><th>पोशाक खर्च</th><th>जम्मा बार्षिक तलब</th><th>छुट स्थानीय भता</th><th>लाग्ने कर</th><th>नपुग कर</th></tr>
<tr><td>३४२२०</td><td>२०००</td><td>९३८०</td><td>३४२२०</td><td>१००००</td><td>५९१४२०</td><td>३००००</td><td>१६७८४</td><td>११३१२*२</td></tr>
</table></td><td>२२६२४/-</td></tr>
<tr><td>२८.</td><td>अर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा विल भर्पाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । भौचर नं ३३९।२०७।२।२ बाट अस्पतालको सफ्टवयर निर्माण गरेको भनी विल विजक ल. इ., कार्य सम्पन्न प्रतिवेदन वेगर राधेश्याम शाहलाई १.५ प्रतिशत अग्रिम कर कट्टा गरी रु १८९३०।०० सेवा शुल्क भुक्तानी गरेको छ । आयकर ऐन २०५८ को दफा ८८ बमोजिम कर विजक वेगरको सेवा शुल्क भुक्तानीमा १५ प्रतिशत कर लाग्ने व्यवस्था बमोजिम नपुग कर रु २५५५।५५ असूल गरी राजस्व दाखिला हुनुपर्ने रु ......</td><td>२५५५/५५</td></tr>
<tr><td>२९.</td><td>सुमन नर्सरी एण्ड प्लान्टेसन सप्लायर्स, बाँकेबाट मिति २०७६।३।२२ को विलबाट विभिन्न जातका विरुवाहरु खरिद गरी भौचर नं ४६३ र ४६४ बाट रु. २१८३८०।० भुक्तानी गरेको छ। यस प्रकारका विरुवाहरु जेष्ठ महिनाको १६ गतेबाट खरिद गरी असार महिनाको सुरुबाट बृक्षारोपण गर्नुपर्नेमा वर्षातको समयमा खरिद गर्नाले विरुवा सर्ने वेलामा जमिनको चिस्यान नभई सुख्खा याममा विरुवा हुर्कन सक्दैन भने उक्त विरुवा के कसरी वितरण गरेको हो सो को प्रमाण समेत नभएकोले यस सम्बन्धमा विरुवा वितरण ,निरीक्षण अनुगमन गरी प्रतिवेदन गर्नुपर्ने रु ....</td><td>२१८३८०/-</td></tr>
<tr><td>३०.</td><td>अर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा विल भर्पाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ। निशुल्क वितरणको औषधी खरिद गरी सिनर्जी फार्मेसी, सुर्खेतलाई भौचर नं ३९७।०७६।३।१७ बाट रु. ५००३२०।०० भुक्तानी गरेकोमा मिति २०७६।३।१४ को चलान संलग्न गरेको छ। अत: विल विजक वेगर भुक्तानी दिएको सम्बन्धमा यकिन गरी विल विजक जारी नगर्ने</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | विक्रेता र विल विजक वेगर भुक्तानी गर्ने अधिकारीलाई जिम्मेवार बनाइनु पर्ने रु | ५००३२०/- |
| ३१. | भौचर नं ४४६।०७६।३।२७ बाट डा. महेश चौलागाईलाई २०७६ बैशाख महिनाको तलब भनी रु. ५०६७७।१० भुक्तानी गरेकोमा निजको दरबन्दी ,हाजिर,सरुवा,रमाना कुनै पनि कागजात संलग्न नभएको र तत्पश्चात कहाँबाट तलब भता भुक्तानी भएको कुनै पनि व्यहोरा नखुलाएकोले उक्त प्रमाणहरु पेश गर्नुपर्ने अन्यथा भुक्तानी दिनेलाई जिम्मेवार बनाइनु पर्ने रु. | ५०६७७/१० |
| ३२. | राइली मालिका पर्यटकीय पैदल मार्ग निर्माण गरी रु. १७६५३००।०० भुक्तानी गरेको स्रेस्ता परीक्षण हुँदा संलग्न प्रमाण कागजातको अध्ययन गर्दा प्रस्तुत मार्गको सिंढी निर्माणको फोटोमा पहिले नै निर्माण भै सकेको पुरानो सिढी जहा घाँस , विरुवा पतकर देखिएकोले सो पद मार्ग निर्माण भएकोमा आस्वस्त हुने स्थिति रहेन । | |
| ३३. | **कर्मचारी व्यवस्था :**नगरपालिकाबाट प्राप्त बिवरण अनुसार स्वीकृत दरबन्दी ५१ रहेकोमा संघिय सरकारबाट , सावीक स्थानिय तहमा कार्यरत अस्थायी र करार समेत ८७ जना कार्यरत रहेकोमा नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत (रा.प द्वितिय) , सि.डि इन्जिनियर (रा.प द्वितिय ),शिक्षा अधिकृत(रा.प द्वितिय ) पदमा पदपुर्ति नभई रिक्त रहेको देखिन्छ । समयमानै रिक्त दरबन्दी पदपुर्ति गरी कार्य प्रवाहमा सुधार ल्याउनुपर्दछ । | |
| ३४. | **विशेष भत्ता** - नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका निजामती कर्मचारीलाई मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता पाउने व्यवस्था छ । वित्तिय समानिकरण चालु अनुदान शिर्षकबाट कर्मचारीलाई बजेट तथा कार्यक्रम तयारीमा परिचालित भएकोमा आधा महिना बराबरको तलव दिने निर्णय गरेको छ । नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा कुन काम कति अतिरिक्त समय कार्य गरी कार्यसम्पादनमा आधरित प्रोत्साहन भत्ता भुक्तानी भएको हो सो समेत खुल्दैन । स्पष्ट आधार कार्यविधि विना खर्च लेखेकोले अनियमित देखिएको रु. | २१२४५०/- |
| ३५. | संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्विकृत गरेको दरबन्दी चार्ट ५१ जनालाई दोस्रो नगरसभाको निर्णय न.४९ले पारित गरि नगर प्रमुखको सल्लाहकार १, उपप्रमुखको सल्लाहकार १,कानुनी सल्लाहकार १,सहायक कम्पयुटर अपरेटर ३,नगर प्रहरी ५,श्रेणीविहिन २६,खा.पा.स.टे १ र उत्प्रेरक १ गरि ३९ दरबन्दी सृजना गर्ने निर्णय गरेको देखियो । उक्त निर्णयानुसार विभिन्न मिति देखि लागु हुने गरि प्रचलित कानुन विपरित देहायका पदमा कर्मचारी नियुक्ती गरि थप व्ययभार पारेको रु. | १४७८९८०/- |

| कर्मचारीको नाम | पद | यस बर्ष भुक्तानी भएको तलब भत्ता रकम | नियुक्ती मिति |
|---|---|---|---|
| निरञ्जन खडका | नगर प्रमुखको सल्लाहकार | २३९५४३ | २०७५.८.१४ |
| पवन मल्ल | उप प्रमुखको सल्लाहकार | २९२००० | २०७५.५.१ |
| हरि बहादुर खत्री | कानुनी | २१८८८७ | २०७५..८.१६ |

| | | | |
|---|---|---|---|
| | सल्लाहकार | | |
| जगत बहादुर खडका | ल्याब टेक्नीशियन | १९८००० | २०७५.८.१ |
| पुर्ण प्रसाद शर्मा | कम्प्युटर अप्रेटर | १९८००० | २०७५.४.७ |
| दिपा कुमारी खडका | कम्प्युटर अप्रेटर | १८८४४५ | २०७५.७.१५ |
| शर्मिला देवकोटा | ,, | १४४१०५ | २०७५.९.१५ |
| जम्मा | | १४७८९८० | |

३६. **आन्तरिक आय तर्फ**:आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । यस बर्ष आन्तरिक आय रु.१ करोडको प्रक्षेपण गरेकोमा रु.५२ लाख ७४ हजार असुली गरेको छ । उक्त रकममा जे.सि.वि भाडा रु.१,१७,९००/- समावेश छ । जे.सि.वि. चलेको घण्टा, प्रयोग गर्ने उपभोक्ता समिति, मिति,समय,स्थान सहितको विवरण र नगदि रसिद व्यवस्थित गरी राखिएको छैन । यसर्थ नगरपालिकाको जे.सि.वि. प्रयोग गरि उपभोक्ता समितिलाई भुक्तानी नदिएको रकम र यथार्थ आम्दानी दाखिला भएको यकिन गर्ने अवस्था छैन ।जे.सि.वि.को व्यवसायीक प्रयोग गरी उपभोक्ता समिति मार्फत सञ्चालन गरीने योजनाको सम्झौतामा अनिवार्य रुपमा नगरपालिकाको जे.सि.वि. प्रयोग गर्नुपर्ने र जे.सि.वि.को कामको लागि भुक्तानी नदिने नीति कार्यविधि निर्माण गर्नु पर्दछ । आन्तरिक आय संकलनका लागी ११ वडालाई नगदि रसिद हस्तान्तरण गरेकोमा फिर्ता प्रप्त गरी परिक्षण गर्ने गरेको छैन । रसिद नियन्त्रण खाता राखेको छैन । यसर्थ नगद असुली गरेको सबै रकम समयमा दाखिला भएको सुनिश्चित गर्न सकिने स्थिति छैन । यस तर्फ सम्बन्धितलाई जिम्मेवार बनाउनु पर्दछ ।

३७. **आन्तरिक आय ठेक्का** : यस बर्ष आन्तरिक आयको व्यवस्थापन गर्न ठेक्का बन्दोबस्त गरेको देखिएन । नदिजन्य पद्धार्थको उत्खनन र बिक्रीबितरणबाट प्राप्त हुने आन्तरीक आयको असुली प्रतिस्पर्धा गराई सम्झौतानुसार आय संकलन र दाखिला हुनुपर्दछ ।

३८. **आर्थिक सहायता :** आर्थिक सहायता उपलब्ध गराउने स्पष्ट कार्यबिधि बनाएको छैन । आर्थिक साहयता रु.५४०८००/-, दैवि प्रकोप राहत रु.११५५२९४/- र असिना पिडित राहत रु.७०००००/- उपलब्ध गराएको विवरण पेश भएको छ । यस्तो सहायता उपलब्ध गराउने स्पष्ट कार्यविधि बनाउनु पर्दछ ।

३९. **सशर्त अनुदान-** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतबाट प्राप्त भएको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिकाले खर्च नभई बाँकी रहेको देहायका शिर्षकको रकम रु.२०७६१६८८.२३ आषाढ मसान्तपश्चात फिर्ता गरेको विवरण पेश गरेको छ ।

| अनुदान | निकासा | खर्च | बाकी |
|---|---|---|---|
| शसर्त चालु | २२६०७७८४५.०३ | २०९३२७०७९.८० | १६७५०७६५.२३ |
| सामाजिक सुरक्षा | ३६९०२००० | ३५७३१४०० | ११७०६०० |

| | | | |
|---|---|---|---|
| प्रधानमन्त्री रोजगार कार्यक्रम | ५०३०००० | ४७४९७३३ | २८०२६७ |
| गरिबसंग बिश्वेश्वर | २००००० | १५५५०० | ४४५०० |
| स्थानीय पुर्वाधार विकास कार्यक्रम | १३५००००० | १२८३८३४१ | ६६१६५९ |
| झोलुगेपुल क्षेत्रगत कार्यक्रम | १८००००० | ७०१९५३ | १०९८०४७ |
| पर्यटन पुर्वाधार विकास आयोजना | २५००००० | १७४४१५० | ७५५८५० |
| जम्मा | २८६००९८४५.०३ | २६५२४८१५६.८ | २०७६१६८८.२३ |

४०. नगरपालिकाले तोकिएको शिर्षकमा प्राप्त भएको रकम सिमा भित्र रहि खर्च गर्नुपर्नेमा सिमा नाघि शर्त निशर्त शिर्षकको बचत रकमबाट चालु खर्च लेख्ने स्पस्ट आधार देखिएन ।

| विवरण | निकासा रकम | खर्च रकम | बढि खर्च रकम |
|---|---|---|---|
| राजश्व बाँडफाँड | ५४६८२८६६.५० | ७४३०७८१९.९९ | १९६२४९५३.४९ |

४१. बैक हिसाब–कार्यालयले बैक हिसाब मिलान विवरण तयार गर्नु पर्दछ । यस बर्ष कार्यालयले रु.६,०७,२२,०२०।२३. को बैक मौज्दात देखाएकोमा सोको पुष्टि गर्ने बैक सर्टिफिकेट पेश भएन । यसर्थ श्रेस्तानुसारको बैक मौज्दात यकिन गर्न सकिएन । श्रेस्ता र बैक प्रमाणबिच मौज्दात फरक देखिएमा सो को हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा पनि गरेको छैन । यसर्थ मौज्दात पुष्टि हुने प्रमाण पेश हुनुपर्दछ ।

४२. **स्रोत नकशाकंन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

४३. **कानुन निर्माण**:यस बर्ष नगरसमाले ५ वटा ऐन(प्रशासकिय कार्यविधि ऐन २०७४,शिक्षा ऐन २०७४,सहकारी ऐन २०७४,स्थानिय कृषि प्रर्बद्धन ऐन २०७४,आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन २०७४) नगरसभाबाट पारित भएकोमा आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन २०७४राजपत्रमा प्रकाशित भएको देखिएन ।

४४. **उपभोक्ता समिति मार्फत कार्य:** यस सम्वन्धमा देखिएका व्यहोरा यसप्रकार रहेका छन् ।

१)सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नपाइने, नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट

| | | |
|---|---|---|
| | गराउन नपाउने व्यवस्था छ । यस बर्ष कालोपत्रे ४कि.मी.,ग्राभेल ५ कि.मी.,पि.सि.सि.३.५ कि.मी. र कच्ची सडक ६८ कि.मी. गरि ८०.५० कि(मी. बाटो निर्माण भएकोमा जटिल प्राविधिक पक्ष समावेश भएका गोरेटो र ढलान बाटो, ट्र्याक खोल्ने,बाटो स्तरोन्नति लगायतका अधिकांश आयोजनाका लागत अनुमानमा माटो र ढुगांखन्ने कार्यको परिमाण घन मिटरमा तोकी डोजर, लोडर, एक्साभेटर, मेशीनहरूको दररेट समावेश गरि उपभोक्ता समितिबाट सञ्चालन गर्ने गरेको र उपभोक्ता समितिले डोजर, लोडर, एक्साभेटर, मेशीन प्रयोगको समयावधि खुलाई डोजर व्यवसायीको विल पेश गरि प्राविधिक मुल्यांकन गराई भुक्तानी लिएको देखियो । मेशिन प्रयोगमा उपभोक्ता समिलि कोटेशन पनि लिएको देखिदैन । यसबाट प्रतिस्पर्धा नभई लागत बढने,कामको परिमाण र गुणस्तरीयता सुनिश्चतता गर्न सक्ने स्थिति देखिदैन । यसर्थ नियमको परिपालना हुनुपर्दछ । | |
| | २)सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने व्यवस्था छ । उपभोक्ता समितिले पेश गरेको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले आवश्यकतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्ने र त्यस्तो सम्झौतामा साठी लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नु पर्ने योगदान उल्लेख गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन । उपभोक्ता समितिको गठन विधि , आधार उपभोक्ता समितिले सञ्चालन गर्ने आयोजनाबाट लाभान्वित हुने जनसंख्या स्पस्ट देखिएन । उपभोक्ता समितिले पेश गरेको डोर हाजिरीमा उपभोक्ता समितिका पदाधिकारी तथा उपभोक्ता समिति गठन गर्दाको समयमा उपस्थित जनसमुदायले पनि श्रम योगदान नगरेको, डोर हाजिरमा उल्लेखित श्रमिकको पुष्ट्याई नभएको, केवल प्रक्रिया पुऱ्याउने प्रयोजनको लागि डोर हाजिर राख्ने गरेको,उपभोक्ता समितिले निर्माण व्यवसायीसंग काम गराई अनुदान ग्रहण गर्ने गरेको देखिएकोले यसमा सुधार हुनुपर्दछ । | |
| | ३)स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफूले प्रत्येक किस्ताको गरेको खर्चको सूचना सार्वजनिक टाँस गर्नुपर्ने र आफूले गरेका कामकारबाहीको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरिक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार भएगरेको देखिएन । | |
| | ४)सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेकोमा सो अनुसार गरेको देखिएन । | |
| | ५)सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक | |

| | | |
|---|---|---|
| | निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेट कूल खर्चको विवरण सो निकायमा पेश गर्नु पर्ने, सम्बन्धित सार्वजनिक निकायले त्यसरी प्राप्त भएको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाइन, लागत अनुमान, सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ति तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नु पर्ने व्यवस्था छ । सर्भे, डिजाइन, लागत अनुमान बेगर बजेट विनियोजन गर्ने गरेको र उपरोक्त अनुसार गरेको देखिएन । | |
| | ६)स्थानीय तहको उपभोक्ता गठन सम्बन्धि कार्यविधि २०७४को दफा ११(५)मा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गरी तयार भएको प्रतिवेदन( अनुसुचि ३)को आधारमा योजनाको भुक्तानी गर्नुपर्नेमा सो बमोजिम गरेको छैन ।कार्यविधिको पालना गर्नु पर्दछ । | |
| ४५. | **कल्याण कोष** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । नगरपालिकाले रु.२५ लाख कर्मचारी कल्याणकोषमा रकम जम्मा गरेको छ । | |
| ४६. | **वातावरणीय प्रभाव :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । नगरपालिकले वातावरणीय प्रभाव मूल्यांकन गरेको छैन । | |
| ४७. | **तलवी प्रतिबेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट र शिक्षकको विद्यालय किताबखानाबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले सबै शिक्षक,कर्मचारीको तलबी प्रतिबेदन पारित गरेको छैन । यसैगरि तलब खर्च लेख्दा हाजिरी प्रमाणित गरेको अभिलेख समेत छैन । तलवि प्रतिबेदन पारित एवं हाजिर प्रमाणित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| ४८. | **सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी ,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परिक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सार्वजनिक परीक्षण गरेको देखिएन । | |
| ४९. | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था भएकोमा कार्यान्वयनमा ल्याएको देखिएन । | |
| ५०. | **सामाजिक सुरक्षा भत्ताः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष नगरका वडा न.१० र ११ का सचिवहरुलाई प्रथम, दोश्रो र | |

| | | |
|---|---|---|
| | तेश्रो सामाजिक सुरक्षा भत्ता पेश्की दिएकोमा देहायका व्यहोरा देखिएका छन् ।<br>१)सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ को दफा २२ बमोजिम र बजेट वक्तव्यअनुसार सामाजिक सुरक्षा भत्ता रकम नगरपालिकामा बैंक मार्फत गरिने उल्लेख छ । यस वर्ष नगरपालिकाले सामाजिक सुरक्षा भत्ता रु.३,५७,३१,४००/- खर्च लेखेकोमा १० र ११ वडाका सचिवलाई रु.६९८१६००/- पेश्की दिदैं नगदै भरपाईका आधारमा र एनएमबि. बैक मार्फत बाकी रकम वितरण गरेको देखिएकोले वितरण प्रणाली भरपर्दो र विश्वसनिय बनाउन बैंक मार्फत सम्पुर्ण वडाको उक्त भत्ता वितरण गर्नुपर्दछ ।<br>२)सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । तर कार्यालयले मूल अभिलेख खाता वडा कार्यालयमा रहेको जनाई लेखापरीक्षणका लागि पेश नगरेको, अन्य विषयका हकमा उमेर पुरा भएपछि वा भत्ता पाउने भएपछि अभिलेखमा फोटो तथा ल्याप्चे नलगाई सोझै सफ्टवेयर इन्ट्री गरेको, सम्वन्धित वडाबाट नामनामेसी सहित अभिलेख व्यवस्थित गरी सिफारिस सहित कागजात प्राप्त भएपछि MIS मा प्रविष्ट गर्नुपर्नेमा सोझै गर्ने गरेको, अनुसूची ८ मा थप भएका र हराएका व्यक्तिको विवरण भरि प्राप्त नभएको केही नामनामेसी सफ्टवेयरबाट सोझै हटाउने र थप्ने कार्य भएको, वित्तिय सूचना प्रणालीमा सामान्य कुरा फरक भएमा समेत भिडान भई नामनामेसी प्रविष्ट गरेको, एउटै नागरिकता नं. भएकाको समेत MIS मा प्रविष्ट भएबाट वित्तिय सूचना प्रणाली भरपर्दो र विश्वसनिय नभएकाले सम्बन्धित निकायले सो प्रणालीमा भत्ता पाउनेको नामनामेसी दोहोरो नपर्ने गरी System बाट नियन्त्रण हुने गरी व्यवस्थित गर्नुपर्दछ । कार्यालयले वडा कार्यालय अनुगमन गरी भत्ता पाउने/नपाउने अभिलेख यकिन नगरेको, पञ्जिकरण अभिलेख (जन्म, मृत्यू, बसाई सराई) व्यवस्थित अभिलेख नभएको, मन्त्रालय/पंजिकरण विभागमा अनुसूची ८(क) नपठाएको र अभिलेख समेत पेश नगरेबाट भिडान गर्न सकिएन । | ^ |
| ५१. | **पदाधिकारी तथा सदस्यको सुविधा :** नेपालको संबिधान २०७२ को धारा २२७ मा गाँउ सभाका र नगरसभाका सदस्यले पाउने सुविधा प्रदेश कानुन बमोजिम हुने उल्लेख छ । कर्णाली प्रदेशले स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३ अनुसार पद तथा गोपनियताको सपथ लिइ आफ्नो पदको काम कारबाहि सुरु गरेको मिति देखि स्थानिय तहको आन्तरीक स्रोतका आधारमा मासिक पारिश्रमिक सुबिधा पाउने ब्यवस्था गरे बमोजिम यस वर्ष ५८ पदाधिकारीलाई नगरपालिकाले अध्यक्ष/उपाध्यक्ष र सदस्यको पारिश्रमिक (२०७५ श्रावण देखि २०७६आषाढ सम्मको ) रु.६८,९०,००० खर्च लेखेको देखियो । | |
| ५२. | कर्णाली प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५को दफा ८मा सरकारी कोषबाट निवृत्तिभरण पाएको व्यक्ती निर्वाचित वा मनोनयन भएमा त्यस्तो व्यक्ति वा पदाधिकारीले एउटा मात्र सुविधा पाउने व्यवस्था छ ।देहायका सरकारी कोषबाट निवृत्तिभरण पाएको व्यक्ती निर्वाचित वा मनोनयन | |

<table>
<tr><td></td><td>भएकोमा दोहोरो सुविधा लिएकाले असुल हुनुपर्ने रु.
<table>
<tr><td>पदाधिकारी</td><td>अवधि</td><td>रकम</td></tr>
<tr><td>वडा न.२ का वडा अध्यक्ष रेशम बहादुर थापा</td><td>श्रावण,भाद्र,असोज र चाडपर्व खर्च</td><td>७९२००</td></tr>
<tr><td>वडा न.७ का वडा अध्यक्ष पुर्ण बहादुर मल्ल</td><td>श्रावण,भाद्र,असोज र चाडपर्व खर्च</td><td>७९२००</td></tr>
<tr><td>वडा न.८ का वडा अध्यक्ष दलबहादुर खत्री</td><td>श्रावण,भाद्र,असोज र चाडपर्व खर्च</td><td>७९२००</td></tr>
<tr><td>वडा न.२ का सदस्य गणेश बहादुर थापा</td><td>श्रावण,भाद्र,असोज र चाडपर्व खर्च</td><td>२३७६०</td></tr>
<tr><td>वडा न.८ का सदस्य भुपाल बहादुर थापा</td><td>श्रावण,भाद्र,असोज र चाडपर्व खर्च</td><td>२३७६०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२८५१२०</td></tr>
</table></td><td>२८५१२०/-</td></tr>
<tr><td>५३.</td><td>कर्णाली प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५मा पदाधिकारीलाई पोशाक भत्ता नगदै र जिन्सीमा उपलव्ध गराउने व्यवस्था छैन । यस्तै निजामति कर्मचारीलाई प्रत्येक वर्ष रु.१००००/- पोशाक भत्ता उपलव्ध गराउने कानुनी व्यवस्था रहेको छ । कर्मचारीलाई नियमानुसार पोशाक भत्ता उपलव्ध गराएको र पदाधिकारीलाई पोशाक सुविधा दिने व्यवस्था नभएकोमा नगरपालिकाले घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय,दैलेखले सञ्चालन गरेको १ महिने दौरा शुरुवाल,कोट पाइन्ट तालिमको लागी आवश्यक कपडा,मेशिन लगायतका सामान खरिद,ढुवानी लगायतको रकम व्यहोने सम्झौता गरि २३ महिला पदाधिकारीलाई धोति व्लाउज,पेटिकोट, ३६ पुरुष पदाधिकारी र १२ कर्मचारीलाई दौरा शुरुवाल, कोटपाइन्ट उपलव्ध गराएको देखियो ।उक्त कार्यको लागी रु.३,५०,०००/- खर्च गरेकाले अनियमित देखिएको रु.</td><td>३५००००/-</td></tr>
<tr><td>५४.</td><td>बैठक भता :कर्णाली प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५मा बैठक भत्ताको व्यवस्था छैन । नगरपालिकाका ११ वडाको वडास्तरीय बैठकको रु.१८५७०००/- र नगरपालिकास्तरीय बैठकको रु.१२३७५००/- बैठक भता भुक्तानी दिएको पाइयो । अत: मासिक सुविधा बाहेक बैठक भताको व्यवस्था ऐनमा नभएकोले सो रकम खर्च लेख्न मिल्ने नदेखिएको रु……………..</td><td>३०९४५००/-</td></tr>
<tr><td>५५.</td><td>नेपाल सरकार कार्य संचालन निर्देशिका २०७३ को दफा ७.१.१ मा बैठक भत्ता दिने ६ आधारहरु खुलाएको छ । स्पष्ट बिषयवस्तु र कार्ययोजना वेगर बैठक वस्न नपाइने, वैठक कार्यालय समय बाहिर हुनुपर्ने, एउटै निकाय र पदाधिकारी,कर्मचारी मात्र वस्ने वैठकमा भत्ता प्रदान नगर्ने,कानुनअनुसार गठन भएका समितिहरुको वैठकको लागी मात्र भत्ता प्रदान गर्ने,बिभागीय प्रमुखको अध्यक्षतामा गठन हुने निर्देशन समितिमा भत्ता नदिने र वैठकमा आमन्त्रित सदस्यका रुपमा थप ब्यक्तिहरु राख्न नपाईने, बिशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढिमा २ जना सम्ममात्र आमन्त्रित सदस्यलाई वैठक भत्ता प्रदान गर्न सकिने आधार रहेका छन । यस वर्ष उपरोक्त आधार बेगर वैठक भत्ताका लागी रु.७९९५००/- खर्च लेखेकोले अनियमित देखिएको छ ।</td><td></td></tr>
</table>

<table>
<tr>
<td>५६.</td>
<td>
आर्थिक कार्यविधि नियमावलि २०६४ को नियम ३६मा बजेटको सिमाभित्र रही खर्चको विल भर्पाइ सहित निर्धारित कार्यमा खर्च गर्नुपर्ने ब्यबस्था छ । नगरपालिकाले देहायका शिर्षकमा विनियोजित रकम देहाय अनुसार खर्च गरेकाले नियन्त्रण गर्नुपर्ने देखियो ।
<table>
<tr><td>विवरण</td><td>रकम</td></tr>
<tr><td>गाडी भाडा</td><td>१५,५१,५९४/-</td></tr>
<tr><td>विविध खर्च</td><td>११,४७,११५/-</td></tr>
</table>
उपरोक्त सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः
(१) मु. अ. करमा दर्ता नभएका बिभिन्न होटलको खाजा खर्चको बिलको आधारमा खाजा खर्च गरेकोमा बैठकको माईन्युट, बैठक बसेको दिन, संख्या नखुलेको,विविध खर्चमा दैनिक भ्रमण भत्ता,कार्यालय सञ्चालन खर्च समावेश गरेको,विभिन्न बिषयगत शिर्षकबाट विविध खर्च गरेकाले विविध खर्च यकिन हुन सकेन ।विविध खर्च अनियन्त्रित भएकाले छानबिन हुनु पर्दछ ।
(२) पटके सम्झौता गरी नगरंपालिका अध्यक्ष लगायत बिभिन्न पदाधिकारी र कर्मचारीले गाडि भाडामा लिई भुक्तानी गरेकोमा यात्रा प्रयोजन स्पस्ट नखुलेको एवम गाडी भाडामा पटके रुपमा लिएको औचित्यपुष्टि हुनु पर्दछ ।
</td>
<td></td>
</tr>
<tr>
<td>५७.</td>
<td>
कन्टिन्जेन्सी खर्च : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनसूची १ अनुसार कन्टिनजेन्सी खर्चको व्यवस्था गरेको छ । मिति २०७०/१/१५ को नेपाल सरकारको निर्णय अनुसार कन्टिनजेन्सी मध्ये ६०% चालु प्रकृतिको खर्च र ४०% पुँजिगत प्रकृतिको खर्च गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले पेश गरेको विवरणनुसार यो आर्थिक वर्षमा सञ्चालित योजनाबाट ४ प्रतिशत कन्टिनजेन्सी कटटा गरि रु.४१,८१,८०६/- खर्च लेखेकोमा नगरसभाको निर्णय न.११ बाट एकमुष्ठ समर्थन गर्ने निर्णय गरेको छ । कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेकाले सिमाभित्र रहेको यकिन हुन सकेन । यस्तो खर्चको कार्यविधि बनाई खर्च गर्ने व्यवस्था गर्नुपर्ने, चालु र पूँजीगत खर्चको लगत राखी नगरी नहुने खर्च मात्र कन्टिन्जेन्सीबाट खर्च गर्नुपर्ने व्यवस्था मिलाउनु पर्दछ ।
</td>
<td></td>
</tr>
<tr>
<td>५८.</td>
<td>
सोझै खरिदः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ वमोजिम रु.२० लाखसम्म लागत अनुमान भएको मालसामान खरिद कार्य सिलवन्दी दरभाउपत्रद्धारा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आवश्यक सामानहरु सिलवन्दी दरभाउपत्रद्धारा खरीद नगरी निम्नानुसार रु.६६ लाख १६ हजारको पटक पटक गरी सोझै खरीद गरेको छ । ऐन विपरित सोझै खरीद गरेकोले अनियमित देखिएको रु.
<table>
<tr><th>भौ.न.</th><th>विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>विभिन्न</td><td>औषधि</td><td>१९९७०७१</td></tr>
<tr><td>,,</td><td>अन्य भाडा</td><td>१५५१५९४</td></tr>
<tr><td>४७/०७५/८/१२</td><td>फर्निचर</td><td>३५४१२५.०५</td></tr>
<tr><td>७०/०७५/९/३</td><td>गार्ड हाउस निर्माण</td><td>३२५४४०.००</td></tr>
<tr><td>९१/०७५/९/२४</td><td>अपाची मोटरसाइकल</td><td>२९३९००.००</td></tr>
<tr><td>११८/०७५/१०/१३</td><td>सडक बत्तीको सोलार पाता जडान र मर्मत सम्भार</td><td>३७४०५५.००</td></tr>
</table>
</td>
<td>६६१५७९६/५</td>
</tr>
</table>

| | | |
|---|---|---|
| २४५/०७६/१/१७ | इजलासको फर्निचर खरिद | ४६३०७४.०० |
| २४६/०७६/१/१७ | इजलास निर्माण | ४७८१०३.०० |
| २१८/०७६/१/११ | ४ थान बिलबाट फर्निचर खरिद | ३९७५३४.०० |
| २८३/०७६/२/८ | चौतारो निर्माण | ३८०९००.०० |
| **जम्मा** | | **६६१५७९६.०५** |

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| ५९. | **पूँजीगतबाट चालु खर्चः** एकीकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पूँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ । नगरपालीकाले यो वर्ष सभाबाट पारित गरि देहायका कार्यक्रममा चालु खर्च पुजिगत वजेट वित्तिय समानिकरण  समावेश गरि खर्च लेखेको नियम सम्मत देखिएन । | |

| भौ.न. | विवरण | खर्च |
|---|---|---|
| | मेशिनरी औजार खरिद अर्न्तगत सवारी साधन मर्मत | ३००००० |
| | जनप्रतिनिधि,कृषक भ्रमण | २००००० |
| ३/०५५/६/२२ | स्वास्थ्य चौकी उद्घाटन | ५००००.०० |
| १४/०७५/६/२६ | बृद्धबृद्धा सम्मान कार्यक्रम | ५००००.०० |
| १५/०७६/६/२६ | तिज कार्यक्रम | १५६०००.०० |
| १७/०७५/७/७ | १२ बिद्यालयहरुलाई शिक्षकहरुको तलव भत्ता भुक्तानी | १००६०००.०० |
| १८/०७५/७/८ | ५ बिद्यालयहरुको दिवा खाजा | १३००००.०० |
| १९/०७५/७/८ | आदिबासी जनजाती दिवस | १७०००.०० |
| २०/०७५/७/११ | स्वास्थ्य सिबिर | १००००.०० |
| ३२/०७५/७/१६ | प्र.अ. बैठक,व्यवस्थापन समिति बैठक आदि | १३१५००.०० |
| ७७/०७५/९/१२ | रत्न ने.रा. प्रा.वि. | ६५०००.०० |
| ९२/०७५/९/२४ | इश्वरीय आ. विद्यालय | ६५०००.०० |
| ११६/०७६/१/१० | जेष्ठ नागरिक कार्यक्रम, स्वास्थ्य शिविर | २३००००.०० |
| २१६/०७६/१/१० | १२ बिद्यालयहरुलाई शिक्षकहरुको तलव भत्ता भुक्तानी | १००६०००.०० |

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| ६०. | सार्वजनिक खरिद ऐन ,नियमअनुसार निर्माण ,खरिद कार्य गर्नुपर्दछ । सरस्वती माध्यमिक विद्यालयलाई  पशुविज्ञान सम्बन्धि पुस्तक,पुस्तकालय व्यवस्थापन सामग्री,आइ.सि.टि.ल्याब निर्माणको लागि रु.९,६०,०००/- निकासा दिएकोमा सार्वजनिक खरिद ऐन ,नियमअनुसार निर्माण ,खरिद कार्य सम्पन्न गरेको प्रमाण पेश हुनुपर्ने रु.......... | ९६००००/- |
| ६१. | गो.भौ.नं. २३।२०७५।७।११ : सहकारी व्यस्थापन सामग्रीहरु ४० थान रजिष्टर, ६० थान पाइलटपेन, ४० थान रिङ फायल, मेटल स्केल लगायका सामानहरु खरिद गरी वितरण गरे बापत  बा.स.अ. घनश्याम कार्कीलाई रु. १९८००/-भएकोमा वितरण गरेको भरपाई पेश नभएकोले उक्त प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | १९८००/- |

| | | |
|---|---|---|
| ६२. | गो.भौ.नं. ३३।०७६।७।१६ : प्रारम्भिक बातावरणीय परीक्षण (IEE) कार्य बापत इन्जिनियरिं एण्ड म्यानेजमेन्ट एसोसियट, काठमाडौंलाई रु. ३५००००.०० भुक्तानी भएकोमा उक्त कार्यको प्रतिवेदन पेश नभएको रु. | ३५००००/- |
| ६३. | गो.भौ.न. ६५।०७५।८।२५: मदन स्मृति प्रतिष्ठान,दैलेखलाई अध्यक्ष लोमन शर्मालाई पुस्तकालय स्थापना गर्नको लागि रु. ९६०००.०० भुक्तानी दिएकोमा पुस्तक खरिद गरेको बिल र पुस्तक आम्दानी जनाएको प्रमाण पेश नभएकोले उक्त प्रमाण पेश हुनुपर्ने रु. | ९६०००/- |
| ६४. | गो.भौ.नं. ७०।०७५।९।३ : वडास्तरीय कृषि कार्यक्रम वडा नं. १० मा आलुको बिउ खरिद ६२ क्वीन्टल, वडा नं. ४ को लागि ५ क्वीन्टल र कृषि प्रसार कार्यक्रम तर्फ गुणस्तरिय आलुको बिउ खरिद बापत २७६ के.जी. गरी जम्मा ६९ क्वीन्टल ७८ के.जी. आलुको बिउ खरिद बापत ना.प्रा.स. सूर्य बहादुर रावललाई रु. २५४१९०.०० भुक्तानी गरेको देखियो । उक्त बिउ आलु खाद्य तथा तरकारी पसल गुरांसे, दैलेखबाट खरिद गरेको पाइयो । उक्त बिउ आलु बिउबिजन उत्पादनसंग सम्वन्धित नेपाल सरकारबाट मान्यता प्राप्त संस्था वा सहकारी संस्थाबाट खरिद गर्नुपर्नेमा स्थानिय तरकारी पसलबाट खरिद गरेको पाइयो । उक्त बिउको गुणस्तर प्रमाणित हुने प्रमाण कागजात समेत पेश नभएकोले उक्त बिउ आलु गुणस्तरीय छ भन्ने कुरामा बिश्वस्त हुन सकिएन । | |
| ६५. | **ब.उ.शि.नं. ८०१३४४३ तर्फः**<br>गरीवी नक्सांकन कार्यक्रमको लागि प्राप्त रु. १८,१३०००.०० काम हुन नसकि फिर्ता गरेको पाइयो । कार्यालयले तोकीएको कार्य सम्पादन गरी लक्ष्य प्राप्त गर्न ध्यान दिनुपर्दछ । | |
| ६६. | **बहुक्षेत्रीय पोषण कार्यक्रमः**यस कार्यक्रममा नगरपालिका भित्रका सुनौला १००० दिनका ५०० आमा तथा निजका परिवारलाई ८ हप्ते गिरिराज चल्ला १० वटाका दरले वितरण गर्ने कार्यक्रम रहेकोमा १,२,३,४ र ५वडाका ६६७ आमा तथा परिवारलाई ५,८,१० र ११ वटाका दरले ४४९८ तिन हप्ते चल्ला ज्वाला एग्रोभेट सेन्टरबाट रु.६४६६५०/- मा सोझै पटक पटक खरिद गरि वितरण गरेको देखियो । ८ हप्ते चल्ला १० का दरले वितरण गर्ने कार्यक्रम रहेकोमा ३ हप्ते चल्ला पटकपटक एकै आपुर्तिकर्ताबाट खरिद गरि फरक दरले वितरण गर्ने आधार र लाभग्राहीको परिचय खुल्ने कागजात पेश नभएकाले खर्चको यथार्थतता यकिन हुन सकेन । | |
| ६७. | प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्न कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजना कार्यविधि २०७६ मा सुचिकृत बेरोजगारलाई बार्षिक कार्यक्रममा उल्लेख भएका पुर्वाधार निर्माण तथा अन्य आयोजनामा संल्गन गराइ कुल लागतको ७० प्रतिशत ज्याला नगदै भुक्तानी गर्ने र कार्यक्रमको कार्यान्वयन श्रमिक समुह मार्फत वा एक लाख रुपैया नबढाई अमानतबाट गर्ने व्यवस्था छ । यस वर्ष उक्त कार्यक्रममा रु.४२३१७१२/- खर्च भएकोमा २०२ जनालाई ११ वडामा ३० कार्य दिन काम गराई ज्यालामा ७४ प्रतिशत रु.३१,३३,०२०/-खर्च भएको देखिन्छ । उक्त कार्यविधिको दफा १६(६) र १६(७)मा स्थानीय तहहरुले श्रमिकहरुको ज्याला आयोजनाको काम गर्नु पुर्व र कार्य सम्पन्न पश्चातको फोटो,प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन र सम्बन्धित वडा अध्यक्षको सिफारिशमा भुक्तानी गर्नुपर्नेमा नगरेकाले अनियमित देखिएको रु. | ३१,३३,०२०/- |
| | आर्थिक कार्यविधी नियमावलि २०६४को नियम ३६(३) बमोजिम खर्चको बिल | ३६६६८/- |

| | | |
|---|---|---|
| | भरपाई राख्नुपर्ने व्यवस्था छ । सोही नियमावलिमा सामान प्राप्त भएपछि भुक्तानी दिने व्यवस्था छ । भौ.न२७०७६।३।३० बाट ११०९ ठेली बेरोजगार फर्म छपाई गर्न रु.३६६६८/- दाखिला प्रतिवेदन बेगर खर्च लेखेकोले असुल गर्नुपर्ने रु. | |
| ६८. | **आयोजना हस्तान्तरण:** सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ को उप नियम (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेमा उपभोक्ता समितिबाट काम गराएका आयोजनाको हालसम्म हस्तान्तरण गरेको देखिएन । नगरपालिकाले प्राय:सबै आयोजना उपमोक्ता समिति मार्फत गराएको र निर्माणको काम सम्पन्न भएपछि एक वर्षभित्र बिग्रे भत्केमा मर्मत सम्भार गर्ने जिम्मेवारी तोकेको छैन । निर्मित संरचनाको इन्भेन्ट्री राख्ने गरेको छैन । सोही योजनामा रकम विनियोजन गरि कार्य हुने गरेको छ । यस्ता आयोजनामा रेखदेख र मर्मत सम्भारको लागी सम्बन्धित उपभोक्ता समिति वा लाभग्राही समुदायलाई जिम्मेवार बनाउनु पर्दछ । सोहि प्रयोजनका लागी थप बजेट विनियोजन र खर्च गर्ने परिपाटीलाई नियन्त्रण गर्नुपर्दछ । | |
| ६९. | **अधुरो निर्माण** कार्य :सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १२०(१)मा ऐनको दफा ५६ बमोजिमको अवस्था परि तोकिएको अवधिभित्र पुरा गर्न नसकिने भएमा म्याद थपको लागी निवेदन दिनुपर्ने व्यवस्था छ । कार्यालयले पटक पटक पुर्व निर्धारित क्षतिपुर्ति नलिने गरि म्याद थप गरेतापनि सो अवधिभित्र कार्य सम्पन्न हुन सकेको देखिएन । म्याद थप गर्दा कार्यसम्पादन जमानतको अवधि पनि बिस्तार गरेको छैन । यसर्थ उक्त नियमको १२१ (क)बमोजिम प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पुर्वनिर्धारित क्षतिपुर्ति गणना गरि असुल एवं तोकिएको कार्य सम्पन्न गराउन आवश्यक कारवाही गर्नुपर्दछ । | |

(रु.हजारमा)

| निर्माण कार्य | निर्माण व्यवसायी अधुरो आयोजना को विवरण | संझौता मिति | सम्झौता रकम | सम्पन्न गर्नुपर्ने मिति | यो वर्ष सम्मको खर्च | प्रगति (प्रतिशत) |
|---|---|---|---|---|---|---|
| भगवती मन्दिर गणेशथान सम्मको सडक मर्मत | एन.आर.के . निर्माण सेवा | ०७५/१/०६ | ३३५८ | ०७६।३।१० | २०४५ | ६० |
| गणेशथान देखि काडाचौर सडक | कृति कन्स्ट्रक्सन | ०७५/१/६ | ८५०२ | ०७६।३।१० | ७३८५ | ८६ |
| नगरपालिका क्षेत्रमा विद्युतिकरण | डि.सि. कन्स्ट्रक्सन | ०७५/३/१२ | ७९३६ | ०७६।९/११ | ५०३० | ६४ |
| गहतारी हाडासेनि सडक | सिभिल निर्माण सेवा | ०७६/२/२४ | ७४९०् | ०७६/३/३१ | २६२३ | ५० |
| मालपोत कार्यालय चोक देखि भगवती मन्दीर र एकान्तकुना | आर.जे. कन्स्ट्रक्सन | ०७६/२/१५ | ४१५१ | ०७६।३।१० | २५२०. | ९५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सडक | | | | | | |

७०. **नक्शा पासः** स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा २७ मा नगरपालिकाबाट नक्शा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था रहेकोमा कार्यालयले नक्शा पास गर्ने व्यवस्था प्रभावकारी रुपमा कार्यान्वियनमा ल्याएको देखिएन । घर नक्शापास र निर्माण कार्य सम्पन्न सम्वन्धी देहायनुसारको विवरण पेश गरेको छ । यस तर्फ ध्यान दिनुपर्दछ ।

| घरनक्शा पासको निवेदन संख्या | अस्थायी अनुमति | कार्यसम्पन्न संख्या | | |
|---|---|---|---|---|
| | | गत विगत वर्ष अनुमति लिएका मध्ये | यो वर्ष अनुमति लिएका मध्ये | जम्मा |
| १२ | ७ | ४ | ६ | १० |

**स्थानिय पूर्वाधार तर्फ** :

७१. स्थानीय पूर्वाधार बिकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७५ को नियम ८ मा सार्वजनिक उपयोगसंग सम्बन्धित भौतिक पूर्वाधार बिकास सम्वन्धी आयोजना सञ्चालन गर्न सकिने व्यवस्था छ । कृतिदेवल सहकारी संस्था भवन निर्माण गर्न यस शिर्षकबाट रु.२४ लाख र वित्तिय समानिकरण पुजिगतबाट रु.६,७२,०००/-खर्च गरेको देखियो । सहकारी संस्था छनौटको आधार र सहकारी संस्थाको जग्गाधनिपुर्जा पेश भएन । तर कार्यालयले सिमित व्यक्तिहरु संलग्न एवं लाभान्वीत हुने कृति देवल बहुउदेश्यीय सहकारी संस्थाको तला थप गर्ने कार्यको लागि रु.३०,७२,०००.०० भुक्तानी दिएको हुंदा कार्यक्रमको उदेश्य विपरितको कार्यमा बजेट खर्च लेखेको नियम सम्मत नदेखिएको रु. ३०७२०००/-

७२. गो.भौ.नं ११।०७६।३।३० १२।०७६।३।३०: स्थानीय पूर्वाधार बिकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७५ को नियम २(क) अनुसार सञ्चालन हुने कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुबाट उपभोक्ता समिति गठन हुने व्यवस्था छ । कार्यालयले जिल्ला सदरमुकामस्थित जिल्ला सभा हलमा प्लाष्टर, गारो, पिसिसि, फल्स सिलिगं, कुर्सि तथा साउण्ड सिस्टम लाइट लगायतको निर्माण तथा मर्मत कार्य बापत रु.२२६८६७०.०० उपभोक्ता समिति मार्फत गराई भुक्तानी दिएको पाइयो । उक्त निर्माण एवं मर्मत कार्य उपभोक्ताको प्रत्यक्ष लाभसंग सम्वन्धित नभएको, उक्त कार्य गर्न बिशेष सीप र ज्ञान आवश्यक पर्ने र उपभोक्तामा सो ज्ञान र सीप समेत नहुने हुनाले उक्त हल सरकारी स्वामित्वको सम्पत्ति भएकोले उक्त कार्य उपभोक्ता मार्फत गराउनु युक्तिसंगत देखिएन । कार्यालयले यस्ता कार्यहरु ठेक्काबाट गराउनु पर्दछ ।

**ब.उ.शि.नं. ३६५१६० झोलुङ्गे पुल तर्फ :**

७३. साविकमा जिल्ला समन्वय समिति अन्तर्गत रहेको गढीखोला नदी झोलुङ्ग पुल निर्माण आयोजना यस नगरपालिकामा हस्तान्तरण भई आएको र उक्त झोलुङ्गे पुल निर्माण कार्यको प्रथम र दोश्रो रनिङ बिलबाट जम्मा रु.७५५७८०.६३ भुक्तानी जिल्ला समन्वय समितिबाट भैसकेको र यस नगरपालिकाबाट तेश्रो तथा अन्तिम बिल बापत रु.६७७९५३.०० उपभोक्ता समितिलाई भुक्तानी भएकोमा नगरपालिकाले आफ्नो श्रोतबाट बेहोर्नुपर्ने रु.८५३१५.२६ समेत यस कार्यक्रमबाट भुक्तानी

| | | |
|---|---|---|
| | भएकोले  उक्त रकम संघीय संचित कोषमा फिर्ता हुनुपर्ने देखिएको रु. | ८५३१५/२६ |
| ७४. | **ब.उ.शि.नं. ३२५१०६ पर्यटन पूर्वाधारतर्फ :** गो.भौ.नं. २।२०७६।२।२७ : आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम एक आर्थिक बर्षमा गएको पेश्की रकम सोही आर्थिक बर्षमा फछ्र्यौट हुन नसकेमा कार्यालय प्रमुखले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की रकमको नाम नामेसी सहित के के बापत पेश्की गएको हो सो समेत खुलाई जिम्मेवारी अर्को आर्थिक बर्षमा सारी प्रमाणित गर्नुपर्ने र यसरी सारिएको पेश्की यस नियमावली बमोजिम फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सडक निर्माण कार्यको लागि पञ्चदेवल सडक निर्मांण उपभोक्ता समितिलाई दिएको पेश्की रु.३४८०००.०० लाई पेश्की बाकीको बिबरणमा नदेखाएकोले आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभएको उक्त पेश्की  फछ्र्यौट गर्नुपर्ने रु. | ३४८०००/- |
| | पर्यटन पुर्वाधार तर्फ आर्थिक वर्षको अन्तमा खर्च नभई बांकी रु. ६१५९७०.०० रहेको रकम संघीय सञ्चित कोष खातामा फिर्ता गर्नुपर्नेमा नगरपालिकाले सञ्चित कोष खातामा जम्मा गरेकोले उक्त रकम संघीय सञ्चित कोष खातामा फिर्ता गर्नुपर्ने रु. | ६१५९७०/- |
| ७५. | **पेश्की बाँकीः–** सार्वजनिक खरीद नियमावली  २०६४ को नियम ११३ वमोजिम आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई ऐनको दफा ५२क. को अधीनमा रही खरिद सम्झौतामा व्यवस्था भए बमोजिम पेश्की दिन सकिने व्यवस्था छ । त्यस्तै सोही नियमको उपनियम (५) सार्वजनिक निकायले दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग बिल वा अन्य बिल बीजकबाट कट्टागरी फछ्यौट गर्नु पर्ने व्यवस्था रहेको छ ।तेस्रो चौमासिक/अधिकांश आषाढ महिनामा उपलव्ध गराएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट नभएको पेश्की नियमानुसार असूल फछ्र्यौट हुनुपर्ने रु | ६७६१४७९/-- |

| विवरण | पेश्की लिने | शीर्षक | रकम |
|---|---|---|---|
| समानी करण पुंजिगत | शा.अ.श्री निरक बहादुर रावल | बहुक्षेत्रिय पोषण | ४१६६२८.०० |
| | सचिब श्री खगेन्द्र बहादुर सिंह | खेलकुद | २५०००.० |
| | सिद्धेश्वर महादेव मन्दिर | उपभोक्ता समिति | ९६०००.०० |
| | रामपुर नयांगाउं सडक मर्मत | सडक बोर्ड | ४३५०००.०० |
| | मातृभूमी दपर्ण साप्ताहिक | | १०००००.०० |
| | गहतारीहाडा सैनी सडक निमार्ण | | १४९७५००.०० |
| पुर्वाधार विकास | सामुदायिक ग्रामिण विद्युतिकरण | | ४१९१३५१.०० |
| जम्मा | | | ६७६१४७९ |

| | | |
|---|---|---|
| ७६. | **सक्शन मेशिन खरीद** : कार्यालयले शौचालय सफा गर्ने सक्शन मेशिन रु. १०४४१२०/- मा खरीद गरेकोमा हालसम्म प्रयोगमा आएको देखिएन । प्रयोग | |

आउन नसक्नुको कारण १५ मिटरको दुरीमा मात्र काम गर्न सक्ने त्यसको क्षमता रहेको छ । पहाडी जिल्ला भिरालो स्थानमा सेप्टी ट्यांकीको दुरी बढि हुने देखिएकोले खरीद गर्दा त्यसको क्षमता र कार्यालयको आवश्यकता पहिचान गरी खरिद हुनुपर्ने देखियो । यसर्थ  मेशिनको व्यवसायिक प्रयोगमा ध्यान जानुपर्दछ ।

७७. परामर्श सेवा खरीद गर्दा मुल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेताहरुबाट सेवा खरीद गर्नुपर्ने ब्यबस्था छ । कार्यालयले देहायको परार्मश सेवा खरीद गरेकोमा मुल्य अभिबृद्धिकरमा दर्ता नभएका विक्रेताबाट सेवा लिएको देखिएकोले नियमको पालना भएन ।

| शिर्षक | भौ .नं र मिति | परार्मशदाताको नाम | रकम |
|---|---|---|---|
| बितिय समानीकरण चालु | ५३०/०७६/३/२६ | ध्रुवतारा मिडिया प्रा.ली, दैलेख १ | ३०००००. |
| बितिय समानीकरण चालु | ३१२/०७५/१२/४ | श्री गंगाराम दहाल, दुल्लु न.पा.१२ निर्देशिका तयार पार्ने कार्य | ४९२५००. |

७८. **मूल्य अभिवृद्धि कर** :- संघीय सरकार/नेपाल सरकारको आर्थिक विद्येयक,२०७६ बमोजिम मिति २०७६ जेठ १५ गते पश्चात निर्माण व्यवसायी/सप्लायर्सलाई भुक्तानी हुने मूल्य अभिवृद्धि करको ५० प्रतिशत मू.अ.कर भुक्तानी भएको समयमा नेपाल सरकारको मूल्यअभिवृद्धि कर कोष खातामा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकाले देहायबमोजिमको कार्यमा  मूल्य अभिवृद्धि कर सहित भुक्तानी गरेको देखियो । ऐनको पालना गरी ५० प्रतिशत  मूल्य अभिवृद्धि कर कार्यालयले नै आन्तरीक राजस्व  कार्यालयमा दाखिला गर्नुपर्ने देखिएको रु. १९४४४/-

| भौ.नं. र मिति | बिक्रेताको नाम | प्यान नम्बर | मु.अ.कर भुक्तानी रकम |
|---|---|---|---|
| ५६३/०७६/३/२९ | बबिन इन्फोटेक सप्लार्यस, दैलेख | ६०१६९९२८३ | ६५००.०० |
| ५६१/०७६/३/२९ | श्रेष्ठ ट्रेडिग कर्न्सन | ३०२७१८०३२ | २६५७.० |
| ५५९/०७६/३/२९ | एस.पि. अर्डर सप्लार्यस | ३०१८१४५७७ | ८५१३.० |
| ५५७/०७६/३/२९ | श्रेष्ठ टेडिग कर्न्सन | ३०२७१८०३२ | ३९७५४.०० |
| ५५३/०७६/३/२९ | बबिन इन्फोटेक सप्लार्यस, दैलेख | ६०१६९९२८३ | ११०५०.० |
| ४२७/०७६/३/१८ | आर वि. कन्सट्रक्सन | ३०१४६७०२९ | १२५९७०.० |
| | | जम्मा | १९४४४ |

७९. **आन्तरिक लेखापरीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ मा आय व्ययको आन्तरीक लेखापरीक्षण समयमा गराउनु पर्ने व्यवस्था छ । संघिय शिर्षकको कारोवारको आन्तरीक लेखापरीक्षण प्रतिवेदन कोष तथा लेखा नियन्त्रक कार्यालय,दैलेखबाट र अन्य कारोवारको लेखापरीक्षण नगरपालिकाको आन्तरीक लेखापरीक्षण शाखाबाट भै २०७६।४।२८ र २०७६।५।१२मा प्रतिवेदन जारी गरेको देखिन्छ । सो मध्ये आन्तरीक लेखापरीक्षण शाखाबाट उल्लेखित व्यहोरा अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गर्नुपर्नेमा नभएकोले असुल फछ्र्योट हुनुपर्ने रु. २५७४०९/-

| गो.भौ.न | विवरण | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| २२० | कालिगैरा सिचाई योजनाको लागत अनुमान स्विकृत नभएको | |
| ३५७ | खाडि बगौरा देखि सिमलताला सिचाई योजनाको भुक्तानीमा एन.बि .इन्टर प्राइजेजको हस्ताक्षर बेगरका बिल प्रयोग | ११२२०७६ |
| ३७६ | अधेरी खोला राईली सिचाई योजनाको रनिग बिल बेगर भुक्तानी | |
| ४६३ | जलवायु अनुकुल बिरुवा वितरणको भरपाई नभएको | १२३३८० |
| ४७१ | खेतखोला सिचाई योजनामा बिल भरपाई नभएको | २२२१८७ |
| ४७४ | मटेला सिचाईको भुक्तानीमा कार्य सम्पन्न,उपभोक्ता बिल भरपाई नभएको | ६६९३०३ |
| ४७७ | खाडि बगौरा देखि सिमलताला सिचाई योजनामा अनुगमन समितिको सिफारिश बेगर भुक्तानी | ५६४४६३ |
| ४८४ | अधेरी खोला राइली महावै थान सिचाई कुलोको भुक्तानीमा बिल,भरपाई,कार्य सम्पन्न प्रतिबेदन नभएको | |
| ४९५ | त्रि.मा.वि.भवन निर्माणको बिल र भुक्तानी दिन बाकीको बिबरण बेगर भुक्तानी | ४००००० |
| १५ | महिला शशक्तिकरण तिज कार्यक्रमको उपस्थिति,फोटो नभएको | १५६००० |
| | जम्मा | ३२५७४०९ |

८०. **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने व्यवस्था भएको छ । नेपाल सरकारको ०७४।८।३को निर्णयबाट स्विकृत भएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) प्रयोगमा ल्याएको छैन । महालेखापरीक्षकबाट २०७६।२।१९ मा १४२ नयाँ म.ले.प. फारम स्वीकृत भै लागू भएको भएतापनि वित्तीय विवरण नगदमा आधारीत सार्वजनिक क्षेत्र लेखामान बमोजिम तयार गरी कार्यपालिका बैठकबाट स्वीकृत गरेको छैन । कार्यालयले नियमानुसार तयार गर्नुपर्ने मास्केवारी बिवरण समेत तयार नगरेको,शिर्षकगत आर्थिक विवरणसंग एकिकृत आय व्यय विवरण भिडान नभएकाले पेश गरेको प्रस्तुत आय व्यय विवरणले यथार्थ चित्रण नगर्ने र सभाले स्विकृत गरेको शिर्षकगत बजेट खर्चको सिमा नाघेको यकिन गर्ने अवस्था छैन । यस तर्फ सम्बन्धितलाई जिम्मेवार बनाउनु पर्दछ ।

अनुसूची– १

## नारायण नगरपालिका
## स्थानीय तह सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | जिल्ला | स्थानीय तह | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५–९) |
| १ | दैलेख | नारायण नगरपालिका | ८०४४५ | १०३४५५ | ३५६४१३ | ५२७३ | ४६५१४१ | ७४३०८ | १११९९० | २९८५६६ | ४८४८६४ | ६०७२२ |

अनुसूची– २

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | जिल्ला | स्थानीय तह | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाकी बेरुजू | | | र्वाकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | दैलेख | नारायण नगरपालिका | ४६ | ३९ | ५८६३२ | ० | १ | १९९ | ४६ | ३८ | ५८४३३ | ६६९२ | २८९५४ | १५६७७ | ० | ० | ४४६३१ | ० | ७११० | ७११० |

अनुसूची ३

## अद्यावधिक वेरुजू स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क्र. सं. | जिल्ला | स्थानीय तह | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्र्यौट | बांकी | यो वर्ष सम्परीक्षण वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | दैलेख | नारायण नगरपालिका | २४१६८ | ० | २४१६८ | ० | ५८४३३ | ८२६०१ |